# के.आई.सिंह गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## वायल,डोटी
## सुदूरपश्चिम प्रदेश,नेपाल

**Invition for online Sealed Quatation**

के.आई.सिंह गाउँपालिकाको औषधि खरिद सम्बन्धि बिधुतीय शलबन्दी दरभाउपत्र आव्हानको सुचना

मितिः २०८०।०६।१२

यस के.आई.सिंह गाउँपालिका अन्तर्गतका स्वास्थ्य सेवा केन्द्रहरुमा निशुल्क बितरणका लागी आवश्यक पर्ने औषधि खरिद गर्नुपनर्ने भएकोले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक औषधि कम्पनी, बिक्रेता तथा सप्लायर्स कम्पनिहरुबाट यो सुचना प्रकासित भएको मितिले १५ औ दिन (मितिः २०८०।०६।२९) सम्म बिधुतिय सिलबन्दी दरभाउ पत्र खरिद गरि PPMO को वेबसाइट बाट(www.bolpatra.gov.np/egp) बोल पत्र पेश गर्न यो सुचना प्रकासित गरिएको छ ।

१. बिधुतिय दरभाउ पत्र खरिद गर्न आधिकारिक निवेदनका साथ निम्न कागजातहरु अनिवार्य रुपले समावेश गरि PPMO को वेबसाइट(www.bolpatra.gov.np/egp) मा अपलोड गर्नुपर्ने छ। (क) औषधि ब्यवस्था बिभागबाट प्राप्त ईजाजत पत्रको प्रतिलिपि (ख) मु.अ.करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि (ग) आ.ब. २०७९।८० सम्म करचुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि (घ) फर्म वा ब्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि (ङ) स्वा घोषणा पत्र (च) यस कार्यालयको राजश्व खाता नं(१०६००६४०६८६०००१६) मा रु. १०००।-( तिरेको फिर्ता नहुने गरि) बैङ्क भौचर स्क्यान गरि वेबसाइटमा अपलोड गर्नु पर्ने छ ।

२. रित पुर्वक खरिद गरिएका सिलबन्दी दरभाउ पत्र यो सूचना प्रकासित भएको मितिले १५ औ दिन सम्म (मितिः २०८०।०६।२९) १२ बजे सम्म दर्ता गरि सक्नुपर्ने छ, सो सिलबन्दी बोलपत्र मितिः २०८०।०६।२९ गते दिनको २:०० बजे यस कार्यालयमा खोलिने छ, शिलबन्दीदाता वा निजको प्रतिनिधि उपस्थिती नभएपनि खोल्न बाधा पर्ने छैन ।

३. रित नपुगेका बिधुतिय शिलबन्धी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

४. विधुततिय शिलब्दी दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यको भोलीपल्ट सोहि समयमा तोकिए अनुसारको कार्य हुनेछ।

५. विधुतिय शिलबन्दी दरभाउपत्र दाताले के.आई.सिंह गाउँपालिकाको कार्यालयको NMB BANK वायलमा रहेको धरौटी खाता नं(१०६००६४०६८६०००३३) मा धरौटी रकम रु.५५,५००।- जम्मा गरेको सक्कल भौचर वा सो बरावरको मान्यता प्राप्त बाणिज्य बैङ्कले जारि गरेको कम्तिमा ७५ दिन म्याद भएको बोलपत्र जमानत (बिडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्ने छ।

६. बिधुतिय शिलबन्धी दरभाउत्र पेश गर्दा रकम अंक र अक्षर दुबैमा अनिवार्य उल्लेख गर्नुपर्ने, अंक र अक्षर फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिईनेछ।

७. पेश भएका बिधुतिय शिलबन्दी दरभाउपत्र आंशिक, आईटम वाईज वा पुर्ण रुपमा स्वीकृत वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

८. खरिद गरिने औषधिको प्रयोगको अवधि यस कार्यालयमा दाखिला हुँदाका बखत कम्तिमा १८ महिना बाँकि रहेको हुनुपर्नेछ, १८ महिना एक्सपायर (expire) म्याद हुनेको हकमा कम्तिमा ७५% बाँकी रहेको हुनुपर्नेछ ।

९. बिधुतिय शिलबन्दी दरभाउ पत्र दाताले आफुले दिन चाहेको औषधिको उत्पादक कम्पनी र र उत्पादन भएको मुलुकको नाम प्रस्ट संग उल्लेख गर्नुपर्ने छ।

१०. बिधुतिय शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कवोल अंकको ५% ले हुन आउने रकम के.आई.सिंह गाउँपालिकाको कार्यालयको सरकारी खाता रहेको NMB BANK वायल, डोटीमा रहेको धरौटी खाता नं.(१०६००६४०६८६०००३३) मा जम्मा गरेको सक्कल भौचर वा सो वरावरको ठेक्का सर्त रहेको कुनै मान्यता प्राप्त बाणिज्य बैङ्कले जारि गरेको कार्य सम्पादन जमानत पर्फमेन्स ग्यारेन्टी(Performance Bond Guarantee) पेश गर्नुपर्ने छ ।

११. बिधुतिय शिलबन्दी दरभाउ पत्र दाताले सप्लाई गर्ने औषधी WHO/GMP Certified कम्पनिको हुनुपर्ने छ र ढुवानी तथा अन्य करहरु दरभाउ पत्र दाता स्वयंले व्यहोर्नुपर्नेछ

१२. विधुतिय शिलबन्धी दरभाउ पत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयले आवश्यकता अनुशार थपघट गर्न सक्नेछ, थपघट भएता पनी विधुतिय शिलवन्दी दाताले कवोल गरेको दररेटमा परिवर्तान गर्न पाउने छैन ।

१३. आफुले सप्लाई गर्ने प्रत्येक औषधिहरु औषधि ब्यवस्था बिभागमा दर्ता भएको हुनु पर्ने छ, औषधिको प्याकिंग (स्ट्रिप, बोतल बाहिर औषधीको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्सापायर मिति, ब्याज नं, उत्पादन कम्पनिको नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि वा यो औषधी बिक्रिका लागि होईन भनी प्याकिङ्गमा स्पष्ट सँग उल्लेख भएको हुनुपर्नेछ सो नलिखिएका औषधीहरु कार्यालयले बुझ्ने छैन) ।

१४. सप्लाई हुने सबै झोल तथा पाउडर औषधीहरु प्लास्टिकका बोतलमा प्याकिङ्ग भएको हुनुपर्नेछ ।

१५. विद्युतिय सिलबन्दि दरभाउ पत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।

१६. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. अन्य आवश्यक कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि. नं | विवरण | लागत अनुमान रकम (भ्याट बाहेक) | धरौटी रकम |
|---|---|---|---|
| १ | औषधी तथा सर्जिकल सामान खरिद | १९,८२,३४८।- | ५५,५००।- |

प्रमुख प्रशासकीय अधिकृत
के .आई. सिंह गाउँपालिक